जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक १८३ • २०८२ बैशाख ११ गते बिहिवार • 24 Apr. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

सूचना
जनकपुरधाममा
घरभन्दा पनि राम्रो
खाना सहितको कक्षा
८ सम्मको व्यवस्थित
होस्टेलको लागि
सम्पर्क
९८१५८३०६०१

# सशक्त बालिका परियोजनाको समीक्षा

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १० बैशाख**



धनुषाको जनकनन्दनी गाउँपालिकामा सञ्चालित सशक्त बालिका परियोजनाको पालिकास्तरीय वार्षिक समीक्षा बैठक बुधबार सम्पन्न भएको छ । गाउँपालिका अध्यक्ष दिपिनदेव यादवको अध्यक्षतामा भएको बैठकमा हालसम्म भए गरेका कामहरुको बारेमा जानकारी गराईएको थियो । सामाजिक विकास र अनुसन्धान केन्द्र (एसडीआरसी) र सामुदायिक परिवार कल्याण संघ (सीएफडब्लुए)ले पालिको समन्वयमा आयोजना गरेको वार्षिक समीक्षा बैठकमा परियोजना अन्तर्गत संचालन गरिएको क्रियाकलापबारे प्रस्तुतिकरण गरिएको थियो।

एसडीआरसीका कार्यक्रम संयोजक विवश श्रेष्ठले जनकनन्दनी गाउँपालिकामा परियोजना संचालन गरिएको वडाहरुको प्रगति विवरण प्रस्तुत गरे । बालबालिकालाई पोषण, बालविकासका शिक्षक, स्वास्थ्यकर्मीहरुलाई समय समयमा प्रशिक्षण दिई सेवा प्रवाहमा सुधार आएको श्रेष्ठले बताए। कार्यक्रममा बोल्दै गाउँपालिका उपाध्यक्ष कमला सहगलले परियोजना पालिकाको सबै वडामा संचालन गर्नुपर्नेमा जोड दिइन् । वडा नं. १ र २ मा पनि यस प्रकारको परियोजना संचालन गरेर स्थानीयलाई सचेत पार्नुपर्ने आवश्यक्ता उनले औंल्याइन् । सामुदायिक परिवार कल्याण संघले दुई महिना अघि मात्र वडा नं. १ मा पनि सो परियोजना विस्तार गरेको हो।

प्लान इन्टरनेशनल नेपालको आर्थिक र प्राविधिक सहयोगमा संचालन गरिएको सशक्त बालिका परियोजना अन्तर्गत विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय भर्ना, पोषण सम्बन्धी आवश्यक जानकारीहरु समुदायमा दिने गरिएको छ।

सीएफडब्लुएले संचालन गरेको क्रियाकलापबारे कार्यक्रम संयोजक यमलाल शाहशंकरले प्रतिवेदन प्रस्तुत गरेका थिए । प्रत्याभुत परिवार र सीओसीका सहभागिहरुलाई अभिमुखिकरण, बालबालिका तथा कार्यक्रमका सहभागीहरुलाई सुरक्षित नीति सम्बन्धी अभिमुखिकरण, युवा क्लवका सदस्यहरुलाई तालिम, युवा क्लवहरु गठन तथा दर्ता लगायतको क्रियाकलापहरु संचालन गरिएको उनले जानकारी दिए। सशक्त बालिका परियोजना गाउँपालिकाको गौरबको परियोजना भएको बताउदै यस परियोजनाले साच्चिकै उपलब्धि मुलक र परिणाममुखी कार्यहरु गरिरहेको उपाध्यक्ष सहगलले बताइन्।

उक्त परियोजनाले बालबालिकाका लागि सहयोगी भावनाको बिकाश गरेको बताइन्। परियोजनालाई अझ प्रभावकारी बनाउने बारे जनप्रतिनिधि र परियोजनामा कार्यरत कर्मचारी सबैजनाले अझ सशक्त रुपमा अघि बढ्न के गर्नु पर्छ भन्नेबारे सोच्नु पर्ने उनले थपिन् ।

बैठकमा बोल्दै उपाध्यक्ष सहगलले समन्वय र सहकार्य मार्फत यो परियोजनालाई नमुनाको रुपमा अघि बढाउनुपर्ने बताइन् । त्यसैगरी समीक्षा बैठकमा बोल्दै वडा नम्बर ३ का वडाध्यक्ष विष्णुदेव साहले यो परियोजना मार्फत सेवाग्राही लाई स्थानीय तहसंग जोड्नु पर्ने बताए।

परियोजना मार्फत् जनताको अनुहारमा खुसी ल्याएको बताउदै वडाध्यक्ष साहले परियोजनालाई अझ सशक्त रुपमा प्रभावकारी ढंगले अघि बढाउने बारे जनताको राय संलग्न गरी त्यै अनुरूप काम गर्नु पर्ने बताए । बैठकमा वडा नं. १ का वडाध्यक्ष संतोष गोइत, वडा नं. २ का वडाध्यक्ष अब्दुल मलिक, वडा नं. ३ का वडाध्यक्ष विष्णुदेव साह, वडा नं. ४ का वडाध्यक्ष दिलिप कुमार यादव र वडा नं. ६ का वडाध्यक्ष सुर्यदेव यादव, कार्यपालिका सदस्य लक्ष्मण सादा, स्वास्थ्य शाखा प्रमुख सिकेन्द्र साह, स्वास्थ्य चौकी प्रमुखहरु दयानन्द ठाकुर, सरोज चौधरी, एसडीआरसीका सोनफी साह लगायतको उपस्थिति रहेको थियो।







## हावाहुरीबाट जोगिने उपाय

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थाले झ्यालढोका बन्द गरौं,
- छानालाई चोया, तार, काठ, हुक लगायतका सामाग्रीहरुको प्रयोग गरेर बलियो पारौं,
- जस्तापाता लगायतका सामाग्रीहरु खुला र जथाभावी नराखौं,
- हावाहुरी चलेको बेला भागदौड नगरौं,
- सवारी साधन चलाएको बखत हावाहुरी चले रोकेर सुरक्षित स्थानमा बसौं,
- पैदल यात्रामा रहेको समयमा हावाहुरी चलेमा र ओच नभेटेमा थुचुक्क बसेर दुबै हातले टाउँको छोपी घोप्टो परौं ।

***हावाहुरी रोक्न सकिदैन, तर पूर्वतयारी गर्दा हावाहुरीबाट हुने क्षति कम गर्न सकिन्छ ।***

नेपाल सरकार
**विज्ञापन बोर्ड**




# आर्थिक विकासका लागि व्यापार

*मुलुकको आर्थिक विकासका लागि व्यापारको महत्वपूर्ण भूमिका हुन्छ । नेपालको संविधानको धारा ५१ (घ) अर्थ, उद्योग र वाणिज्यसम्बन्धी नीतिमा तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्धन गर्दै वस्तु तथा सेवाको बजार विविधीकरण र विस्तार गर्ने, राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योगधन्दा र स्रोतसाधनको संरक्षण र प्रवर्धन गरी नेपाली श्रम, सिप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने, राष्ट्रिय अर्थतन्त्रको विकासका लागि स्वदेशी लगानीलाई प्राथमिकता दिने, राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन, निर्यात प्रवर्धनका क्षेत्रमा वैदेशिक पुँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै पूर्वाधार विकासमा प्रोत्साहन एवं परिचालन गर्ने, औद्योगिक कोरिडोर, विशेष आर्थिक क्षेत्र, राष्ट्रिय परियोजना, विदेशी लगानीका परियोजनाको सन्दर्भमा अन्तरप्रदेश तथा प्रदेश र सङ्घबिच समन्वय स्थापित गराई आर्थिक विकासलाई गतिशीलता प्रदान गर्ने उल्लेख गरिएको छ ।*

*साथै अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिँदै उपलब्ध स्रोतसाधनको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने, राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन, निर्यात प्रवर्धनका क्षेत्रमा वैदेशिक पुँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै पूर्वाधार विकासमा प्रोत्साहन एवं परिचालन गर्ने सम्बन्धमा नीतिले मुलुकको समग्र उद्योग तथा वाणिज्य प्रतिको दृष्टिकोण प्रस्ट पारेको छ । नेपालको तुलनात्मक लाभ भएका र प्रतिस्पर्धी क्षमता भएका वस्तु तथा सेवाहरूको उत्पादन, उत्पादकत्व तथा निर्यात वृद्धि गर्नमा परिषद्ले सहयोगी भूमिका खेल्नु पर्छ र असन्तुलित व्यापार घाटा कम गरी मुलुकको आर्थिक विकासका लागि समेत क्रियाशील रहनु पर्छ ।*

# जसपा धनुषा अध्यक्षमा पाँचको दावी



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १० बैशाख**

जनता समाजवादी पार्टी (जसपा) नेपालको धनुषा जिल्ला अधिवेशन आउँदो बैशाख २५ गते भित्र हुने भएको छ । जनकपुरधाम उपमहानगरपालिकाको अधिवेशन सम्पन्न भए लगत्तै जिल्लाको गरिने छ। जनकपुरधाम उपमहानगरपालिका बाहेक १७ वटा पालिकामा अधिवेशन सम्पन्न भइसकेको छ । शहीदनगर नगरपालिकामा अधिवेशन सम्पन्न भएपनि त्याहा नगर कार्य समिति गठनमा विवाद छ।

अन्य पालिकामा भने अधिवेशन सम्पन्न भएर नयाँ कार्य समितिपनि गठन भइसकेको छ । जनकपुरधाम उपमहानगरपालिकामा पनि यसै साता भित्र अधिवेशन सम्पन्न गर्ने तयारी अगाडि बढाइएको नगर समिति अध्यक्ष बिष्णुदेव साहले बताए। पालिकाको अधिवेशन अन्तिम चरणमा रहँदा जिल्लाको नेतृत्व लिन नेताहरुले लविङ थालेका छन् । धनुषामा जिल्ला अधिवेशनको मिति नतोकिएपनि नेतृत्वका लागि नेताहरुले उम्मेदवार बन्ने चाहना प्रकट गर्न थालेका छन्। वर्तमान जिल्ला अध्यक्ष पशुपति यादव, सत्रुघन यादव, जयकुमार यादव, बरुण यादव र दिपिनदेव यादवले हालसम्म जिल्ला नेतृत्वका लागि दावी गरेका छन्। वर्तमान जिल्ला अध्यक्ष पशुपतिले कुशलतापूर्वक नेतृत्व गरिरहेका छन् । प्रदेशको राजधानीसमेत रहेको धनुषामा पार्टीको उपस्थिति, भूमिका, सक्रियताले देशमै प्रभाव पार्ने गरेकाले धनुषाको नेतृत्व चुनौतीपूर्ण रह्दै आएको छ ।

केही दिन अघि मात्र जसपा नेपाल फुटाएर जसपा गठन गरिएपनि धनुषामा भने पार्टीले खासै क्षति व्यहोर्नु नपरेको नेताहरुको दावी छ । पशुपति यादवको नेतृत्वमा रहेको जसपा नेपालले जिल्लामा बलियो उपस्थितिको प्रदर्शन गर्दै आएको छ । गएको अधिवेशनमा जिल्ला अध्यक्षमा पराजित सत्रुघन यादवले यसपाली पनि नेतृत्वमा दावी गरेका छन्। यता, विद्यार्थी नेताबाट मुलधारको राजनीतिमा प्रवेश गरेका बरुण यादवले पनि धनुषाको अध्यक्षमा दावी गरेका छन्। उनी विद्यार्थी संगठनको महासचिव हुँदै अहिले मुलधारको राजनीतिमा सक्रिय छन्। आफूले गरेको लगानीको मुल्यांकन पार्टीले गर्ने विश्वास बरुणको छ। मुखियापट्टी मुसहरनिया गाउँपालिकाका अध्यक्ष जयकुमार यादवले पनि जिल्लाको नेतृत्वको लागि दावी गरेका छन् ।

पार्टीमा डम्मी उम्मेदवार भनेर जयकुमार यादवको चर्चा छ। यद्यपी, जयकुमार भने सतप्रतिशत उम्मेदवारी दिने बताए । जिल्ला अध्यक्षमा आफ्नो उम्मेदवारी हन्ड्रेड पर्सेन्ट हुने जयकुमारले बताए । घोषणा गरिसकेकाले अव पछाडि नहट्ने जयकुमारले प्रष्टयाए । जनकनन्दनी गाउँपालिकाका अध्यक्ष दिपिनदेव यादवले पनि पार्टीको जिल्ला अध्यक्षमा दावी गरेका छन् । आफूले यसपाली जिल्ला अध्यक्षका लागि दावी गर्ने उनले बताए । आफ्नो नाउँमा सहमति भए ठीक छ, उनले भने- नभए निर्वाचनमा जान्छ। आफूले कुनै सर्तमा जिल्ला अध्यक्ष नछाड्ने दिपिनदेवले प्रष्टयाए । मधेश प्रदेशको राजधानी समेत रहेको धनुषा जिल्लाको नेतृत्व पार्टीमा महत्व राख्दै आएको छ। प्रदेशका पर्सा, रौतहट, महोत्तरी जिल्लामा अधिवेशन सम्पन्न भएर नयाँ कार्य समिति गठन भइसकेको छ भने सिरहा जिल्ला अधिवेशनको उद्घाटन सत्र सोमबार सम्पन्न भइसकेको छ । बारा जिल्लामा अधिवेशनको तयारी पूरा भइसकेको छ ।



# व्यक्तिगत घटना दर्ता गरौ

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।
- खाद्यान्न कार्यक्रम संचालन गर्न सहयोग मिल्ने ।
- आवासको व्यवस्था गर्न सजिलो हुने ।
- व्यक्तिगत घटना दर्ताका लागी सम्बन्धीत वडा कार्यालयमा सम्पर्क राखौं तथा घटना दर्ताको लागि आवश्यक कागजात एवं प्रकृयाहरु नागरिक वडा पत्रमा अध्ययन गरौं ।

**औरही नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश नेपाल**


## तपाईको टुडे

मेष: शुभ कार्यको शुरुवात

वृष: विचार गरेर बोल्नुहोला

मिथून: पिछडेको साथी मिल्ने

कर्कट: अशुभ समाचार प्राप्त हुने

सिंह: खानपानमा समस्या आउने

कन्या: अनावश्यक चिन्ता

तुला: आम्दानी हुने

वृश्चिक: मित्रतामा फाटो आउने

धनु: लामो यात्राको योग छ

मकर: अनावश्यक खर्चको संभावना

कूम्भ: मनमा पछुतो आउने

मीन: पढाईमा ध्यान दिनुपर्ने



## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**




## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# जम्मू-कश्मीर आक्रमणपछि मोदीले छोट्याए साउदी भ्रमण, भारत फर्कदै

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १० बैशाख**



भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले जम्मू-कश्मीरको पाहलगाममा भएको दुखद आतङ्कवादी आक्रमणको घटनापछि आफ्नो साउदी अरबको राजकीय भ्रमण छोट्याउने निर्णय गरेका छन्। उनी आज राति भारत फर्कनेछन्। यो आक्रमण २२ अप्रिल सन् २०२५ मा बैसरान भन्ने स्थानमा भएको हो, जहाँ आतंककारीहरूले पर्यटक, स्थानिय बासिन्दा र व्यवसायिक गतिविधिमा संलग्न नागरिकहरूमाथि अन्धाधुन्ध गोली प्रहार गरेका थिए।

घटनामा कम्तीमा २८ जनाले ज्यान गुमाएका छन्, जसमा २२ जना भारतीय पर्यटक, दुई जना स्थानिय नागरिक र दुई जना विदेशी नागरिक (एक नेपाली र एक युएईका नागरिक) रहेका छन्। थप ३६ जना घाइते भएका छन्। यस आतङ्कवादी हमलाको जिम्मेवारी लश्कर-ए-तैयबा नामक पाकिस्तानस्थित आतङ्कवादी समूहको छायाँ संगठन 'द रेसिस्टेन्स फ्रन्ट' ले लिएको छ। प्रधानमन्त्री मोदीले घटनाको गहिरो निन्दा गर्दै मृतकप्रति श्रद्धाञ्जली अर्पण गरेका छन् र घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन्। साथै, दोषीहरूलाई कारबाहीको दायरामा ल्याइने र आतंकवादविरुद्ध सरकारको अडान अझ कडा हुने स्पष्ट सन्देश दिएका छन्।

यस घटनापछि गृहमन्त्री अमित शाहले सुरक्षा स्थिति मूल्याङ्कन गर्न श्रीनगर पुगेका छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जम्मू-कश्मीरको पाहलगाममा भएको दुखद आतङ्कवादी आक्रमणप्रति गहिरो दुःख प्रकट गरेका छन्।

# धरापमा छ टाइगर श्राफको ज्यान ?

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १० बैशाख**



बलिउड अभिनेता टाइगर श्राफलाई ज्यान मार्ने धम्की आएको हल्ला चलेको थियो। खार प्रहरीले एक व्यक्ति विरुद्ध मुद्दा दर्ता गरेको छ। उनले टाइगर श्राफलाई मार्न २ लाख रुपैयाँ दिइएको गलत खबर फैलाएका थिए। आरोपीको पहिचान ३५ वर्षका मनिष कुमार सुजिंदर सिंहको रूपमा गरिएको छ।

उनी मूल रूपमा पञ्जाबका हुन्। मनीषले सोमबार मुम्बई प्रहरी नियन्त्रण कक्षमा फोन गरेर सुरक्षा कम्पनी ट्रिगका केही मानिसहरूले अभिनेता टाइगर श्राफलाई मार्न खोजिरहेका छन् भन्ने जानकारी दिए। आरोपी मनीष कुमारले कन्ट्रोल रुमलाई टाइगरलाई मार्नको लागि आफूले उनीहरूलाई हतियार र २ लाख रुपैयाँको ठेक्का दिएको समेत बताएका थिए। यो धम्की आएपछि सुरक्षा प्रणाली सक्रिय भयो। तर, प्रहरीले अनुसन्धान गर्दा मनिष कुमारले नियन्त्रण कक्षलाई गलत जानकारी दिएको थाहा भयो।

यस विषयमा खार प्रहरीले मनीष कुमार सुजिन्द सिंह विरुद्ध मुद्दा दर्ता गरेको छ। प्रहरीले यस मामिलामा थप अनुसन्धान गरिरहेको छ। यस समाचारमा अभिनेताबाट अहिलेसम्म कुनै प्रतिक्रिया आएको छैन। यद्यपि, टाइगरभन्दा पहिले सलमान खानलाई धम्कीपूर्ण कयौं फोन आएका छन्। टाइगरको कामको कुरा गर्ने हो भने, उनले हिरोपन्तीबाट फिल्म उद्योगमा डेब्यू गरेका थिए। उनी बागी, अ फ्लाइङ जट, बडे मियाँ छोटे मियाँ, मुन्ना माइकल, वेलकम टु न्यूयोर्क, बागी २, स्टुडेन्ट अफ द इयर २, वार, बागी ३, हिरोपन्ती २ जस्ता चलचित्रहरूमा देखा परिसकेका छन्। टाइगरलाई अन्तिम पटक सिंघम अगेनमा देखिएको थियो। यसमा उनी केमियो भूमिकामा थिए।

# यस्तो छ बुधबारका लागि निर्धारित विदेशी मुद्राको विनिमयदर




**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १० बैशाख**

नेपाल राष्ट्र बैङ्कले आजका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। आज अमेरिकी डलर एकको खरिददर १३६ रूपैयाँ ०१ पैसा र बिक्रीदर १३६ रूपैयाँ ६१ पैसा कायम भएको छ।

केन्द्रीय बैंकले युरोपियन युरो एकको खरिददर १५६ रूपैयाँ २३ पैसा र बिक्रीदर १५६ रूपैयाँ ९२ पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिददर १८१ रूपैयाँ ९१ पैसा र बिक्रीदर १८२ रूपैयाँ ७२ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर १६७ रूपैयाँ ५८ पैसा र बिक्रीदर १६८ रूपैयाँ ३२ पैसा कायम गरिएको जनाएको छ। यस्तै,अष्ट्रेलियन डलर एकको खरिददर ८७ रूपैयाँ ०५ पैसा र बिक्रीदर ८७ रूपैयाँ ४३ पैसा, क्यानेडियन डलर एकको खरिददर ९८ रूपैयाँ ३१ पैसा र बिक्रीदर ९८ रूपैयाँ ७४ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०४ रूपैयाँ र बिक्रीदर १०४ रूपैयाँ ४६ पैसा निर्धारण गरिएको छ। त्यस्तै, जापानी येन १० को खरिददर नौ रूपैयाँ ७० पैसा र बिक्रीदर नौ रूपैयाँ ७४ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रूपैयाँ ६० पैसा र बिक्रीदर १८ रूपैयाँ ६८ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रूपैयाँ २६ पैसा र बिक्रीदर ३६ रूपैयाँ ४२ पैसा, कतारी रियाल एकको खरिददर ३७ रूपैयाँ ३१ पैसा र बिक्रीदर ३७ रूपैयाँ ४७ पैसा तोकिएको छ।

केन्द्रीय बैङ्का अनुसार थाई भाट एकको खरिददर चार रूपैयाँ ०९ पैसा र बिक्रीदर चार रूपैयाँ ११ पैसा, युएई दिराम एकको खरिददर ३७ रूपैयाँ ०३ पैसा र बिक्रीदर ३७ रूपैयाँ १९ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रूपैयाँ ९७ पैसा र बिक्रीदर ३१ रूपैयाँ ११ पैसा निर्धारण भएको छ। यसैगरी, साउथ कोरियन वन एक सयको खरिददर नौ रूपैयाँ ५४ पैसा र बिक्रीदर नौ रूपैयाँ ५९ पैसा, स्विडिस क्रोनर एकको खरिददर १४ रूपैयाँ २८ पैसा र बिक्रीदर १४ रूपैयाँ ३५ पैसा र डेनिस क्रोनर एकको खरिददर २० रूपैयाँ ९३ पैसा र बिक्रीदर २१ रूपैयाँ ०२ पैसा तोकिएको छ।

# घरेलु हिंसासम्बन्धी मुद्दामा अस्ट्रेलियन पूर्वक्रिकेटर स्लेटर निलम्बित सजायसहित रिहा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १० बैशाख**



अस्ट्रेलियन पूर्वक्रिकेटर माइकल स्लेटरलाई घरेलु हिंसासम्बन्धी अभियोगमा दोषी ठहर गर्दै चार वर्षको जेल सजाय सुनाइएको छ। तर उनले पहिले नै एक वर्षभन्दा बढी समय हिरासतमा बिताएकाले बाँकी सजाय निलम्बित गरिएको छ र उनलाई तुरुन्त रिहा गरिएको छ।

स्लेटरले एक महिलालाई घाँटी दबाएको, पछ्याएको, कुटपिट गरेको र घरभित्र जबरजस्ती प्रवेश गरेको लगायतका सातवटा अभियोग स्वीकार गरेका थिए। यी घटना सन् २०२३ डिसेम्बरमा क्वीन्सल्यान्डको सनशाइन कोस्टमा भएको बताइएको छ उनले ती महिलालाई गालीगलौज गरेका सन्देश पनि पठाएका थिए, जुन प्रहरीले २०२४ मार्चमा उनलाई जाँच गर्दा फेला पारेका थिए। स्लेटरलाई जेलबाट रिहा गर्न कानुनी प्रक्रियामा ढिलाइ हुनसक्यो, किनभने उनीमाथि मादक पदार्थ सेवन गरी गाडी चलाएको अर्को मुद्दा पनि बाँकी थियो। तर, उनले त्यसमा पनि दोषी ठहरिँदा अदालतले उनलाई रिहा गरिदिएको हो। न्यायाधीशले स्लेटरलाई बाँकी सजाय पाँच वर्षसम्म निलम्बनमा राखिएको बताएका छन्। यदि उनले अब कुनै गम्भीर अपराध गरे भने फेरि जेल जानुपर्नेछ।

सन् २०२२ मा पनि न्यू साउथ वेल्सको अदालतले उनलाई महिलामाथि आक्रमण, प्रतिबन्ध आदेशको उल्लङ्घन लगायतका आरोपमा दोषी ठहर गरिसकेको थियो।






# वैधानिकता गुमाउँदै गठबन्धन

-पछिल्ला घटनाक्रमले सरकारको कार्यक्षमतामा प्रश्न उठेको छ, गठबन्धनका दलहरूका बीच सहकार्य निरन्तर राख्ने नराख्ने बहस सिर्जना गरिदिएको छ । सोमबार बिहानभर शिक्षामन्त्री विद्या भट्टराई र प्रधानमन्त्रीका केपी शर्मा ओलीबीच शिक्षक आन्दोलनले राखिरहेका मागलाई सम्बोधन गर्नेसम्बन्धमा छलफल हुँदै गरेका समाचार मिडियामा छ्याप्छ्याप्ती थिए । धेरैले शिक्षा मन्त्रालयले पेस गरेको सातबुँदे मस्यौदा साँझ बस्ने मन्त्रिपरिषद्को बैठकले पारित गर्ने र शिक्षक आन्दोलन स्थगित हुने आँकलन गरेका थिए । तर केही समयपछि नै शिक्षामन्त्री प्रधानमन्त्रीसमक्ष राजीनामा बुझाएर निस्केको भन्दै ब्रेकिङ समाचारहरू आउन थाले ।

यो एउटा अनिष्टको संकेत थियो । दुई सातादेखि सिंहदरबारको नजिकको मूल सडक कब्जा गरेर शिक्षकहरू प्रदर्शनरत छन् । शिक्षकहरूका माग जायज नाजायज जे-जस्ता भए पनि यसले देशभरको विद्यालय शिक्षालाई ठप्पै पारेको छ । नयाँ र पुरानो शैक्षिक सत्र दुवै खेरजाने सम्भावना पालेर विद्यार्थी र अभिभावक निराश र आक्रोशित छन् । शिक्षकहरूले यी माग राखेर विगत लामो समयदेखि आन्दोल र सम्झौता गर्दै आएका थिए । २०७२ सालमा नयाँ संविधान बनेपछि भएका संघीय प्रणालीअनुरूपका व्यवस्थालाई कार्यान्वयन गर्न शिक्षा ऐन बनाउनुपर्ने दायित्वबाट संसद् जहिले पनि चुक्दै आएको छ । संवैधानिक प्रावधानअनुरूप स्थानीय सरकारको भूमिकालाई चुनौती दिइरहेका शिक्षकहरू राजनीतिक रूपमा भने सबै मुख्य राजनीतिक दलका कार्यकर्ता नै हुन् । आफ्नो राजनीतिक नेतृत्वबाट जे गरे पनि संरक्षण पाइने भएकाले शिक्षकहरू आफ्नो संगठनको बलमा शिक्षा क्षेत्रको सम्पूर्ण नीतिगत र कानुनी व्यवस्था आफूअनुकूल बनाउन लागि परेका छन् ।

समाजवादी मोर्चाको विरोध र प्रदर्शन, राजावादीहरूको उग्र र हिंसात्मक उपद्रव, सहकारी तथा लघुवित्त पीडितहरूको आन्दोलन समेतको घेरामा परेको सरकारकाविरुद्ध शिक्षकहरू शक्तिशाली प्रदर्शन र उत्तेजक विचार प्रवाह गरिरहेका छन् । यसैबीच स्थानीय तहका कर्मचारी र निजामती कर्मचारीहरू पनि आन्दोलन गर्ने तरखरमा छन् । सरकार चौतर्फी अप्ठेरोमा परेको बेला शिक्षामन्त्रीको राजीनामा आउनु सामान्य कुरा थिएन । सरकारले शिक्षक आन्दोलनमा आउनु अगाडि नै यसलाई सम्बोधन गर्नुपर्थ्यो । शिक्षा ऐन जारी गरियोस् भन्ने मुख्य माग थियो । लामो समयदेखि संसद्मा विचाराधीन रहेको उक्त विधेयकलाई सत्ताधारी गठबन्धनको उग्र बहुमत रहेको संसद्बाट पारित गराउन चाहेको भए प्रधानमन्त्री र गठबन्धन दलका नेताहरूले हिउँदे अधिवेशनमै काम सक्थे । तर हिउँदे अधिवेशन अध्यादेशलाई वैधानिकता दिने फोरमबाहेक केही बनाइएन र शिक्षकहरू काठमाडौं आइपुगे । शिक्षकहरू अहिले जे मागका लागि आन्दोलन गर्दै छन् म त्यसका प्रति पूर्ण असहमत छु । तर यसलाई यति लामो लम्बिन नदिन आवश्यक र सम्भव देखिएका माग पूरा गर्दै सहज बिसौनीमा लाने काम सरकार र सत्तारूढ गठबन्धनको हो ।

आवश्यक परे प्रतिपक्षको समर्थन खोज्ने काम पनि सरकारकै हो । यो समस्याको तत्काल समाधान खोज्नुपर्ने प्रधानमन्त्रीले यसबीचमा अनेक अवसर र फोरमहरूमा शिक्षकहरूलाई उत्तेजित हुने गरी होच्याएर भाषण गरिरहेका सुनिए । सत्ताको नेतृत्व गरिरहेको दल एमालेको सचिवालय पनि यो समस्या समधानका लागि सक्रिय भएन । यसका लागि गठबन्धन दलको नेतृत्वका बीच आवश्यक सहमति पनि भएन । स्थिति निकै बिग्रँदै गएपछि हैरान भएर शिक्षामन्त्रीले राजीनामा बुझाइन् । सरकार समस्याको घेराउमा परिरहेको समयमा आफ्नै पार्टीको केन्द्रीय सदस्य रहेका शिक्षामन्त्रीको राजीनामा आउनुले प्रधानमन्त्रीको कार्यशैली र कार्यक्षमतामाथि प्रश्न उठाउनेहरूलाई सजिलो बनाइदिएको छ । शिक्षामन्त्रीको राजीनामा अहिलेको समस्याको निदान होइन बरु एउटा अर्को लक्षण मात्र हो । अहिलेको समस्या वर्तमान गठबन्धन सरकार बन्नु अगाडिदेखिकै सञ्चित समस्याहरूको उकुच पल्टेको संकेत पनि हो । यसले पालैपालो सरकारको नेतृत्व गरेका कांग्रेस, एमाले र माओवादीसमेतले देशका आधारभूत समस्या पहिचान गर्न, तिनलाई रणनीतिक रूपमा सम्बोधन गर्न नसकेको र अहिले गम्भीर संकटतिर धकेलिँदै गरेको पनि देखाएको छ ।

यो घटनाले सरकारका प्राथमिकताहरू हराएको, जनतामा विश्वास गुम्दै गएको, सरकारका तर्फबाट परिस्थितिलाई जटिल बनाउन भूमिका खेलिएको र समग्रमा सरकार प्राविधिक वैधानिकतामा बढी र राजनीतिक वैधानिकतमा कम अडिएको सन्देश प्रवाहित गरेको छ । यो कसैगरी पनि आशावादी हुन सकिने अवस्था होइन । प्रधानमन्त्री ओली परिस्थितिको यो गम्भीरतालाई बुझ्न नचाहेका जस्ता देखिन्छन् । प्रधानमन्त्रीका चोटपटकः यो अवस्था आउन जोसुकैको जेजस्तो भूमिका भए पनि यसलाई सम्हाल्नुपर्ने मुख्य भूमिकामा प्रधानमन्त्री ओली छन् ।

उनी प्रधानमन्त्री भएको ९ महिनाभन्दा बढी भएको छ । उनलाई संसद्को प्रचण्ड समर्थन प्राप्त छ । त्यति मात्र होइन, गठबन्धनको ठूलो सहयात्री कांग्रेसका सभापति शेरबहादुर देउवा सरकारलाई पूर्ण समर्थन गरिरहेका सुनिन्छन् । कांग्रेस केन्द्रीय कार्यसमिति र संसदीय दलको जुन गणित छ, त्यसलाई हेर्दा सरकारको निरन्तरतामा संस्थापनइतर कांग्रेसी नेताहरूले गरेको आलोचनाको खासै अर्थ रहन्न । त्यसमाथि गगन थापा त आफैं संयन्त्रमा बसेर सरकारलाई सफल बनाउन कतिपय नीतिगत निर्णय गराउन सक्रिय रहेका थिए । यता कमरेड ओली एमालेको इतिहासमै संस्थागत रूपमा असीमित समर्थन प्राप्त अध्यक्ष हुन् ।

साभार : कान्तिपुर ।







जनकपुरधाम उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश नेपाल




पत्रिका/पेपर
कम्प्यूटराईज गराउन सम्झनुहोस।


सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला


# जलेश्वरमा ३ दिने रेडियो एङ्कारिङ्ग तालिम समपन्न

आरजे इर्शाद शेख
महोत्तरी, १० बैशाख

महोत्तरी जिल्लाको जलेश्वरमा वल्ड भिजन ईन्टरनेशनल नेपाल र दलित समाज उत्थान समिति (DSWCN) महोतरीको साझेदारीमा मंगलबारको दिन ३ दिने रेडियो एङ्करिङ्ग तालिम सञ्चालन भएकोछ। तालिममा रेडियो अप्पन मिथिलामा कार्यरत कर्मचारि हरुद्वारा रेडियो सम्बन्धि विभिन्न किसिमका बिषयहरुमा प्रशिक्षण दिइएको थियो । कार्यक्रममा एकडारा गाउँपालिका र सम्सी गाउँपालिकाबाट बिद्यार्थीहरु सहभागी भएका थिए। प्रशिक्षकहरुले रेडियोको सामान्य परिचय तथा इतिहास , उत्पत्ति र उत्पादक, रेडियो एङ्करिङ्ग, रेडियो पत्रीका, रेडियोकर्मी, रेडियोमा कसरी प्रस्तुत हुने लगायत रेडियो सम्बन्धि महत्त्वपूर्ण बिषयहरुको बा रेमा अति नै सरलताका साथ प्रस्तुत हुनुभएको थियो। समापन कार्यक्रममा प्रमुख अतिथिको रुपमा दलित समाज



उत्थान समिति नेपाल (DSWCN) को अध्यक्ष डेजि पाण्डे, विशेष अतिथि (DSWCN) को संस्थापक अध्यक्ष तथा व्यवस्थापन समितिको संयोजक सुनिल ठाकुर सहित दलित समज उत्थान समितीका कर्मचारिहरु लगायतका उपस्थित रहेको थियो। प्रमुख अतिथि ठाकुरले आफ्नो मन्तव्य राख्दै यस तालिममा सहभागी भएका प्रशिक्षकहरुले सहभागी भएका शिक्षार्थिहरुलाई भरपुर ज्ञान दिनुभएकोछ र शिक्षार्थिले पनि राम्रो संग ग्रहण गर्नुभएको छ। म अत्यन्तै खुशी छु कि मैले तालिम अपेक्षा गरेको भन्दा पनि उत्कृष्ट देखे। त्यस्तै DSWCN को अध्यक्ष पाण्डेले पनि आयोजक संस्था र प्रशिक्षक लाई धन्यवाद दिदै आफ्नो मन्तव्य राख्दै म प्रशिक्षक टिमलाई हृदय देखि धन्यवाद दिदैछु कि उहाहरुले यति कम समयमा सम्बन्धित विषय बस्तुमा शिक्षार्थिलाई धेरै नै जानकरी दिनुभएको छ। साथै रेडियो अप्पन मिथिलाका म्यानेजिङ्ग डाइरेक्टर आर जे ईर्शादलाई पनि धन्यवाद दिदै अगामी दिनमा पनि हामिलाई यसरी नै सहयोग गर्नुहुनेछ भनी बिश्वस्त छु वहाँले थप्नुभयो।

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday